**Kaladarpan | Volume : 6 | No.: 1 | 2026, July, pages 99-108**

DOI : https://doi.org/10.3126/kaladarpan.v6i1.97849

# *नालापानीमा* सङ्गीतनाटकमा इतिहासको पुनर्सृजन

डा. अशोक थापा
नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय
Email:kazithapa@gmail.com
Orcid: https://orcid.org/0009-0004-5743-742X

**लेखसार**

प्रस्तुत अनुसन्धानमूलक लेखमा बालकृष्ण सम (१९५९-२०३८) द्वारा रचित सङ्गीतनाटक 'नालापानीमा' मा अन्तर्भूत इतिहासको पुनर्सृजन सिद्धान्तको प्रयोगलाई केन्द्रीय विषयका रूपमा ग्रहण गर्दै त्यसको विश्लेषण गरिएको छ । यस अध्ययनले वि. सं. १८७१-७२ को नेपाल र इस्ट इन्डिया कम्पनीबिचको युद्धसँग सम्बद्ध ऐतिहासिक घटनालाई नाट्य संरचनाभित्र कसरी पुनर्निर्माण गरिएको छ भन्ने पक्षलाई सैद्धान्तिक र पाठगत आधारमा व्याख्या गरिएको छ । प्रस्तुत लेखमा गुणात्मक अध्ययनविधिको अवलम्बन गरिएको छ । प्राथमिक स्रोतका रूपमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित समका एकाङ्कीसङ्ग्रह (वि.स. २०५९) मा सङ्कलित 'नालापानीमा' नाटकलाई उपयोग गरिएको छ भने इतिहास पुनर्सृजन सिद्धान्त तथा यससँग सम्बन्धित पूर्ववर्ती अनुसन्धानलाई द्वितीय स्रोतका रूपमा ग्रहण गरिएको छ । यहाँ पाठविश्लेषण तथा तुलनाविधिको पनि प्रयोग गरिएको छ । विश्लेषणका क्रममा समले ऐतिहासिक तथ्यलाई कलात्मक स्वतन्त्रतासँग सन्तुलनमा राख्दै नाटकको कथावस्तु र पात्रसंरचनालाई रूपान्तरण गरेको देखिन्छ । विशेषतः नरे कार्कीजस्ता काल्पनिक पात्रमार्फत सामूहिक वीरता, राष्ट्रिय आत्मसम्मान र जनभावनाको प्रतिनिधित्व गरिएको छ । यहाँ मानवीय संवेदना, समसामयिक सान्दर्भिकता, नाटकीय प्रविधिको नवीन प्रयोग तथा राष्ट्रियचेतनाको अभिव्यक्तिले ऐतिहासिक घटनालाई सजीव र प्रभावकारी रूपमा प्रस्तुत गरेको पाइन्छ । 'नालापानीमा' नाटक इतिहासको सफल साहित्यिक पुनसृर्जनको महत्त्वपूर्ण उदाहरणका रूपमा स्थापित हुन्छ । यसले साहित्य र इतिहासबिचको अन्तरसम्बन्धलाई स्पष्ट पार्नुका साथै नेपाली साहित्यमा ऐतिहासिक विषयवस्तुको कलात्मक उपयोग र त्यसको वैचारिक प्रभाव मूल्याङ्कन गर्न सैद्धान्तिक तथा व्यावहारिक आधार प्रदान गर्दछ ।

**शब्दकुञ्जी** : आत्मसम्मान, इतिहासपुनर्सृजन, देशभक्ति, मानवीकरण, राष्ट्रिय चेतना ।

## विषयपरिचय

नेपाली साहित्यमा बालकृष्ण समद्वारा रचित 'नालापानीमा' नाटक इतिहासको सृजनात्मक पुनर्संरचनाको एक सशक्त प्रतिमानका रूपमा स्थापित छ । यस नाटकको कथ्य संरचना वि.सं. १८७१-७२ (ई.सं. १८१४-१५) को नेपालअङ्ग्रेज युद्धअन्तर्गत नालापानी (खलङ्गा) भन्ने स्थानमा भएको युद्धको निर्णायक घटनामा आधारित छ । नालापानीको युद्ध नेपाली इतिहासको एक गौरवपूर्ण अध्याय हो जहाँ सङ्ख्यात्मक र सैन्यसाधनका दृष्टिले अत्यन्त प्रतिकूल परिस्थितिमा रहे पनि नेपाली सैनिकले अद्वितीय साहस, त्याग र देशभक्तिको परिचय दिएका थिए । बलभद्र कुँवरको नेतृत्वमा

करिब ६०० नेपाली सैनिकले करिब ३५०० अङ्ग्रेज सैनिकको सामना गर्दै गोर्खाली वीरताको अन्तर्राष्ट्रिय पहिचान स्थापित गरेका थिए ।

बालकृष्ण समले उक्त ऐतिहासिक घटनालाई यथावत् पुनर्कथनमा सीमित नराखी त्यसलाई कलात्मक कल्पना र नाटकीय संरचनाको माध्यमबाट पुनर्निर्माण गरेका छन् । नाटकमा 'नरे कार्की' नामक काल्पनिक पात्र सर्वसाधारण सैनिक पात्रको सिर्जना गरी त्यसलाई केन्द्रीय भूमिकामा प्रस्तुत गरिएको छ । यो चयन सैद्धान्तिक र सौन्दर्यात्मक दृष्टिले अत्यन्त अर्थपूर्ण छ किनभने यसले वीरताको अवधारणालाई अभिजात नेतृत्वबाट सर्वसाधारण तहसम्म विस्तार गर्दै युद्धको साहस सामूहिक चेतनाको परिणाम हो भन्ने सन्देश प्रवाह गर्दछ । नाटकमा प्रयुक्त नवीन नाट्यप्रविधि, सङ्गीतात्मक संरचना, प्रतीकात्मक पात्रविन्यास तथा भावनात्मक गहिराइले यस कृतिलाई नेपाली नाट्यसाहित्यको एक महत्त्वपूर्ण सम्पदा बनाएको छ ।

साहित्य र इतिहासबिचको अन्तरसम्बन्ध प्राचीनकालदेखि नै साहित्यिक अध्ययनको प्रमुख विमर्शका रूपमा विकसित हुँदै आएको छ । इतिहासले विगतका घटनाहरूको तथ्यपरक अभिलेखन प्रस्तुत गर्दछ भने साहित्यले ती घटनाहरूलाई सौन्दर्यात्मक रूपान्तरणमार्फत मानवीय अनुभूति, संवेदना र चेतनासँग जोडेर पुनःसंरचना गर्दछ । यही सन्दर्भमा 'इतिहासको पुनर्सृजन' एक महत्त्वपूर्ण साहित्यिक सिद्धान्तका रूपमा स्थापित भएको छ जसले ऐतिहासिक यथार्थलाई साहित्यिक माध्यमबाट पुनःनिर्माण गर्दै समकालीन सामाजिक, सांस्कृतिक र वैचारिक सान्दर्भिकता प्रदान गर्ने प्रक्रियालाई जनाउँछ ।

प्रस्तुत अनुसन्धान लेखले 'नालापानीमा' नाटकलाई इतिहासको पुनर्सृजन सिद्धान्तको परिप्रेक्ष्यमा विश्लेषण गर्दै यसको बहुआयामिक संरचनालाई उजागर गर्ने प्रयास गरेको छ । यस अध्ययनले ऐतिहासिक तथ्य र कलात्मक कल्पनाबिचको सन्तुलन, मानवीय मूल्यको अभिव्यक्ति, समसामयिक सन्दर्भसँगको अन्तर्सम्बन्ध तथा नाटकीय प्रविधिको सौन्दर्यात्मक प्रभावकारितालाई गहन रूपमा विश्लेषण गरेको छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानमूलक लेख गुणात्मक अनुसन्धान विधिमा आधारित छ । यस अध्ययनमा प्रमुख रूपमा पाठविश्लेषण विधिको अवलम्बन गरिएको छ जसअन्तर्गत बालकृष्ण समद्वारा रचित 'नालापानीमा' नाटकको गहन पठन, व्याख्या तथा विश्लेषण गरिएको छ । अध्ययनको प्राथमिक स्रोतका रूपमा उक्त नाटकलाई केन्द्रमा राखिएको छ । अध्ययनको सैद्धान्तिक आधारका रूपमा इतिहासको पुनर्सृजन सिद्धान्तलाई ग्रहण गरिएको छ । यस सिद्धान्तले ऐतिहासिक घटनाको साहित्यिक पुनर्प्रस्तुतीकरणलाई विश्लेषण गर्ने वैचारिक ढाँचा प्रदान गर्दछ । अध्ययनमा यस सिद्धान्तका प्रमुख आयामहरू–ऐतिहासिक प्रामाणिकता र कलात्मक स्वतन्त्रताबिचको सन्तुलन, मानवीकरणको प्रक्रिया, समकालीन सान्दर्भिकता, नाटकीकरण प्रविधि तथा सामूहिक स्मृतिको संरक्षणलाई विश्लेषणात्मक उपकरणका रूपमा प्रयोग गरिएको छ । द्वितीयक स्रोतका रूपमा नेपाल-अङ्ग्रेज युद्धसँग सम्बन्धित ऐतिहासिक ग्रन्थ, नालापानी युद्धसम्बन्धी अनुसन्धानात्मक लेख, समको जीवनवृत्त तथा साहित्यिक योगदानसम्बन्धी सामग्रीका साथै इतिहासको पुनसृर्जन सिद्धान्तसँग सम्बन्धित सैद्धान्तिक लेखको समालोचनात्मक अध्ययन गरिएको छ ।

अध्ययन प्रक्रियाअन्तर्गत प्रारम्भमा नाटकको बहुपठन गरी कथावस्तु, पात्रनिर्माण, संवाद संरचना, नाटकीय प्रविधि तथा सौन्दर्यात्मक पक्षको पहिचान गरिएको छ । त्यसपछि नालापानी युद्धको वास्तविक ऐतिहासिक घटनाक्रम र नाटकमा प्रस्तुत घटनाक्रमबिच तुलनात्मक विश्लेषण गरी ऐतिहासिक तथ्य र काल्पनिक तत्त्वहरूको अन्तरसम्बन्ध स्पष्ट गरिएको छ । इतिहासको पुनसृर्जन सिद्धान्तको आलोकमा नाटकका विविध पक्षको सम्यक् विश्लेषण गरिएको छ । साथै नाटकमा अभिव्यक्त मानवीय मूल्य, समसामयिक सन्दर्भबोध तथा राष्ट्रिय चेतनासम्बन्धी सन्देशहरूको व्याख्या गरिएको छ । अन्त्यमा अध्ययनबाट प्राप्त निष्कर्षलाई तार्किक र सुव्यवस्थित ढङ्गले प्रस्तुत गरिएको छ ।

प्रस्तुत अध्ययनमा विवरणात्मक तथा व्याख्यात्मक दुवै अनुसन्धान शैलीको समन्वित प्रयोग गरिएको छ । नाटकका प्रविधि पक्षको तथ्यगत विवरण प्रस्तुत गर्नुका साथै तिनको सैद्धान्तिक व्याख्या र आलोचनात्मक मूल्याङ्कन गरिएको छ । यसरी प्रस्तुत अध्ययन गुणात्मक, विश्लेषणात्मक तथा व्याख्यात्मक प्रकृतिको रहेको छ ।

## सैद्धान्तिक पर्याधार

इतिहासको साहित्यिक पुनर्निर्माण भन्नाले विगतका ऐतिहासिक प्रसङ्ग, व्यक्तित्व र परिवेशलाई साहित्यिक अभिव्यक्तिका माध्यमबाट पुनः सृजना गर्ने कार्य हो । यस अवधारणाले साहित्यकारलाई मात्र इतिहासवेत्ताको रूपमा नभई एक कल्पनाशील रचनाकारको हैसियतमा स्थापित गर्दछ जसले ऐतिहासिक सत्यलाई कलात्मक शैलीमा मूर्त रूप दिन्छ । यो अवधारणाको आधारभूत स्वीकार्यता के हो भने इतिहास र साहित्य एकअर्काबाट विभाजित छैनन् बरु गाढा रूपमा परस्पर जोडिएका छन् ( ह्वाइट, इ. १९७३, पृ.२) । इतिहासले बितेका घटनाक्रमको तथ्यमूलक र निष्पक्ष विवरण प्रस्तुत गर्दछ । यसको प्राथमिक उद्देश्य के घट्यो ? कहिले घट्यो ? र कसरी घट्यो ? जस्ता जिज्ञासाहरूको समाधान गर्नु हो तर साहित्यको सरोकार यसभन्दा भिन्न र विस्तृत छ । साहित्यले किन घट्यो ? भन्ने खोज्छ । त्यसको मानवीय अनुभूति कस्तो थियो ? त्यसले समाजमा कस्तो असर पाऱ्यो ? भन्ने पक्षमा पनि ध्यान केन्द्रित गर्दछ । इतिहासको साहित्यिक पुनर्सृजन सिद्धान्तले यी दुवै परिप्रेक्ष्यलाई समेक्षित गर्दछ । यसले ऐतिहासिक सत्यलाई आधारशिला बनाउँदै त्यसमा मानवीय संवेदना, मनोविश्लेषण र कलात्मक सौन्दर्य समावेश गर्दछ (रिकोर्र, १९८४, पृ. ५२) ले औंल्याएझैं साहित्यमा इतिहासको पुनर्निर्माणले इतिहास र साहित्यबिचको विभाजक रेखालाई अस्पष्ट (ब्लर) पार्दै इतिहासशास्त्रीय मेटाफिक्सनको नवीन परिसर सिर्जना गर्दछ ।

पाश्चात्य साहित्यिक धारामा शिलरका ऐतिहासिक नाटकहरू तथा वाल्टर स्कटका ऐतिहासिक उपन्यासले इतिहासको साहित्यिक अभिव्यक्तिलाई नवीन मोड प्रदान गरेका छन् । यी रचनाकारले इतिहासलाई केवल विगतको दस्तावेजमात्र नठान्दै मानवीय अनुभूति र समाजका जटिल विषयवस्तुको अध्ययनको माध्यमका रूपमा प्रस्तुत गरे । (लुकाज, इ. १९६२, पृ. १९) ले आफ्नो प्रभावशाली शोधकार्यमा वाल्टर स्कटको योगदानलाई विशिष्ट रूपमा उल्लेख गर्दै के भनेका छन् भने ऐतिहासिक उपन्यासले व्यक्तिगत जीवनलाई बृहत् ऐतिहासिक शक्तिसँग सम्बद्ध गराउने काम गर्दछ र यसरी पाठकलाई इतिहासको परिवर्तनशील स्वभाव अनुभूत गर्न सहयोग पुऱ्याउँछ । भारतीय र नेपाली साहित्यमा पनि यो परम्परा सशक्त रूपमा विद्यमान छ । जयशंकर प्रसादका ऐतिहासिक नाटक, बंकिमचन्द्र चट्टोपाध्यायको *'आनन्दमठ'* जस्ता कृतिले यस धारालाई समृद्ध

बनाएका छन् । इतिहासको साहित्यिक पुनर्सृजन सिद्धान्तका प्रमुख विशिष्टतामा यसप्रकार उल्लेख गर्न सकिन्छ ।

(१) ऐतिहासिक प्रामाणिकता र कलात्मक स्वायत्तताको समन्वय हो । यस सिद्धान्तले ऐतिहासिक तथ्यको आदर गर्दै पनि साहित्यकारलाई कलात्मक मुक्तता प्रदान गर्दछ । रचनाकारले मुख्य ऐतिहासिक प्रसङ्गहरू, कालखण्ड र स्थानलाई यथावत् राख्नुपर्छ तर संवाद, पात्रहरूको मनोविश्लेषण र नाटकीय तत्त्वहरूमा आफ्नो सर्जनात्मकता प्रयोग गर्न सक्छ (डे ग्रुट, इ. २०१०, पृ. २) । यो सन्तुलन अत्यन्तै महत्त्वपूर्ण छ किनभने अत्यधिक कलात्मक मुक्तताले ऐतिहासिक विश्वसनीयतालाई हानी पुऱ्याउँछ र अत्यधिक तथ्यपरकताले साहित्यिक आकर्षणलाई समाप्त गर्दछ ।

(२) इतिहासमा केवल तथ्य र तिथि विद्यमान हुन्छन् तर साहित्यिक पुनर्रचनाले ती घटनाक्रममा संलग्न व्यक्तित्वहरूको संवेदना, विचार र अन्तर्द्वन्द्वलाई सजीव रूपमा प्रस्तुत गर्दछ । ऐतिहासिक पात्रहरू केवल नामबाट मानवीय चरित्रमा परिणत हुन्छन् । उदाहरणका रूपमा इतिहासमा बलभद्र कुँवर मात्र एक वीर सैनिक नायकको नाम हुन् तर साहित्यमा उनी एक सजीव मानव बन्दछन् जसको पीडा, अन्तर्द्वन्द्व र संवेदनालाई पाठक महसुस गर्न सक्छन् । रिकोर्रले यस सन्दर्भमा उल्लेख गरेअनुसार कथात्मक संरचनाले मानवीय समयको अनुभूतिलाई व्यवस्थित गर्दछ र इतिहासलाई जीवन्त मानवीय अनुभवमा परिवर्तित गर्दछ ।

(३) इतिहासको साहित्यिक पुनर्रचनाले विगतका घटनाक्रमलाई वर्तमान कालको सन्दर्भमा प्रासङ्गिक बनाउँछ । रचनाकारले प्रायः विगतका घटनालाई वर्तमान समयका समस्या र चुनौतीको सन्दर्भमा प्रस्तुत गर्दछन् । यसले विगतका शिक्षालाई समसामयिक समाजका लागि उपयोगी बनाउँदै नैतिक, सामाजिक र राष्ट्रिय चेतना जगाउँछ (हड्चन, १९८८) ले १९ औँ शताब्दीको स्वतन्त्रता आन्दोलनको आख्यान २१औँ शताब्दीमा पनि राष्ट्रिय आत्मसम्मान र स्वाधीनताको महत्त्वको स्मरण गराउँछ ।

(४) नाटकमा इतिहासको साहित्यिक पुनर्रचनाले घटनाक्रमलाई दृश्यात्मक र प्रत्यक्ष रूपमा प्रस्तुत गर्दछ । यसले दर्शक वा पाठकलाई ऐतिहासिक क्षणको साक्षी बनाउँछ र उनीहरूमा भावनात्मक अनुभूति सिर्जना गर्दछ । लाइन्ड बर्गरले ऐतिहासिक नाटकको विशिष्ट प्रकृतिलाई विश्लेषण गर्दै के भनेका छन् भने नाटकीय प्रस्तुतिले इतिहासलाई तात्कालिकता र प्रत्यक्षता प्रदान गर्दछ जुन अन्य साहित्यिक विधाहरूमा सम्भव हुँदैन । इतिहासका पुस्तकमा पढ्दा जुन घटना निरस र सुख्खा लाग्छ नाटकीय प्रस्तुतिमा त्यही घटना सजीव र निकट बन्दछ ।

(५) इतिहासको साहित्यिक पुनर्रचनाले सामूहिक राष्ट्रिय स्मृतिको निर्माण र संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसले राष्ट्रिय गौरव, वीरता र त्यागजस्ता मूल्यलाई पुस्तानुपुस्ता हस्तान्तरण गर्दछ । ह्वाइटले के तर्क गरेका छन् भने इतिहासको प्रत्येक वर्णन एक प्रकारको व्याख्यात्मक निर्माण हो र साहित्यिक पुनर्रचनाले यस व्याख्यात्मक प्रक्रियालाई स्पष्ट र सचेत रूपमा अङ्कीकार गर्दछ । नयाँ पुस्तालाई आफ्नो इतिहासप्रति सजग बनाउन र उनीहरूमा राष्ट्रिय पहिचानको भावना विकसित गर्न यो सिद्धान्त अत्यन्तै प्रभावकारी हुन्छ ।

## छलफल तथा नतिजा

### ऐतिहासिक सत्य र कल्पना

बालकृष्ण समले *'नालापानीमा'* नाटकमा इतिहासको साहित्यिक पुनर्रचना गर्दा ऐतिहासिक वास्तविकता र काल्पनिक अंशको सन्तुलित समावेश गरेका छन् । यो सन्तुलन इतिहासको सफल साहित्यिक पुनर्निर्माणको मूलाधार हो । एकातिर रचनाकारले प्रमुख ऐतिहासिक घटनाक्रम, कालखण्ड र परिवेशलाई प्रामाणिक रूपमा प्रस्तुत गरेका छन् भने अर्कातिर कलात्मक प्रभावका निम्ति काल्पनिक अंशको पनि उपयोग गरेका छन् ।

ऐतिहासिक वास्तविकताको सम्मान नाटकमा स्पष्ट रूपमा परिलक्षित हुन्छ । यसमा समय र स्थानको प्रामाणिकता कायम राखिएको छ । नाटकमा नेपाल- अङ्ग्रेज युद्ध (१८७१) को सन्दर्भ स्पष्ट छ । यो युद्ध र विशेषगरी नालापानी (खलङ्गा) दुर्गको युद्ध ऐतिहासिक सत्य हो । देहरादून अञ्चलमा अवस्थित नालापानी किल्लाको भौगोलिक स्थान पनि वास्तविक हो ।

ऐतिहासिक व्यक्तित्वको उपस्थिति पनि प्रामाणिक छ । कर्नेल मबी जसले जनरल जिलेस्पीको मृत्युपश्चात् अङ्ग्रेज सेनाको नेतृत्व सम्हालेका थिए । उनी नाटकमा महत्त्वपूर्ण पात्रका रूपमा उपस्थित छन् । बलभद्र कुँवर जो नालापानी दुर्गका वास्तविक सेनानायक थिए उनी पनि नाटकमा उल्लिखित छन् । जनरल जिलेस्पी जो युद्धमा मारिएका थिए उनको पनि नाटकमा चर्चा छ । युद्धको परिवेश र परिस्थितिको चित्रण पनि ऐतिहासिक तथ्यमा आधारित छ । इस्ट इन्डिया कम्पनीको पताका, खलङ्गा दुर्ग, तोप र बन्दुकजस्ता युद्धसामग्री, घेराबन्दीको कौशल, खाद्यान्न र पानीको अभाव आदि सबै ऐतिहासिक वास्तविकता हुन् तर यी ऐतिहासिक वास्तविकतासँगै समले अन्य केही महत्त्वपूर्ण काल्पनिक अंशको पनि उपयोग गरेका छन् जसले नाटकलाई साहित्यिक शिखर प्रदान गरेको छ । सर्वाधिक महत्त्वपूर्ण काल्पनिक अंश नरे कार्की नामक पात्रको सृजना हो । नरे कार्की ऐतिहासिक व्यक्तित्व होइनन् बरु नाटककारद्वारा सृजित काल्पनिक पात्र हुन् । यो चयन अत्यन्तै महत्त्वपूर्ण र उद्देश्यपूर्ण देखिन्छ । नरे कार्कीलाई नाटकमा सामान्य नेपाली योद्धाको प्रतिनिधिका रूपमा प्रस्तुत गरिएको छ । यसले के देखाउँछ भने नालापानीको वीरगाथा केवल सेनानायकको मात्र होइन, प्रत्येक सामान्य योद्धाको पनि हो । नरे कार्कीको माध्यमबाट समले हजारौँ अज्ञात नेपाली वीरहरूको सामूहिक गाथालाई प्रतिनिधित्व गराएका छन् ।

नाटकीय प्रभावका निम्ति प्रयुक्त सङ्गीत र नृत्यका दृश्यहरू पनि काल्पनिक हुन् । लापालोमा, उर्दू गजल, झ्याउरे, रासधारी, तामाङ सेलोजस्ता विभिन्न लोकधुनको प्रयोग साहित्यिक कल्पनाको उपज हो । यी तत्त्वले नाटकलाई सङ्गीतमय र संवेदनशील बनाएको छ तर यो वास्तविक युद्धको सन्दर्भमा विद्यमान थिएनन्, देखिँदैनन् । फलतः नाटककार समले यसलाई सङ्गीतनाटक भनी शीर्षकीकरण गरेका छन् ।

नेपाली मातृभूमि, हिमशृङ्खला, नदीजस्ता प्राकृतिक तत्त्वहरूको मानवीकरण पनि नाटकीय कल्पना हुन् जब नरे कार्की मूर्च्छित हुन्छन् र उनको मनोजगतमा नेपाली धरतीले सम्बोधन गर्दछ त्यो वास्तविक घटना होइन बरु नरे कार्कीको आन्तरिक अन्तर्द्वन्द्व र संवेदनालाई बाह्य रूपमा नाटकीय बनाउने प्रविधि हो । यस प्रविधिले दर्शकलाई नरे कार्कीको मनोविज्ञान अनुभूत गर्न र उनको निर्णयको गम्भीरता महसुस गर्न सहयोग गर्दछ ।

तराई, पर्वत, हिमाल, उपत्यकाका प्रतिनिधि पात्रको प्रस्तुति पनि प्रतीकात्मक र काल्पनिक देखिन्छ । यी पात्रले नेपालको भौगोलिक र सांस्कृतिक बहुलतालाई प्रतिनिधित्व गर्दछन् र राष्ट्रिय एकताको

सन्देश प्रवाहित गर्दछन् । यो काल्पनिक अंश हो तर यसले नाटकको विषयवस्तुलाई व्यापक र गहन बनाएको छ ।

यसरी समले ऐतिहासिक वास्तविकतालाई आधारशिला बनाएर काल्पनिक तत्त्वद्वारा त्यसलाई सजीव र संवेदनशील बनाएका छन् । यो कलात्मक स्वतन्त्रता ऐतिहासिक तथ्यको प्रतिकूल होइन बरु त्यसको गहन भावनात्मक सत्यलाई उजागर गर्ने साधन हो । इतिहासमा के घट्यो भन्ने तथ्य प्रस्तुत गर्दछ भने साहित्यले किन घट्यो र त्यसको मानवीय अनुभूति के थियो भन्ने जिज्ञासाको समाधान गर्दछ । *'नालापानीमा'* नाटकमा यसको सन्तुलन उत्कृष्ट रूपमा प्रयोग भएको देखिन्छ ।

**मानवीयता**

*'नालापानीमा'* नाटकले युद्धलाई केवल राजनीतिक वा सैन्य घटनाको रूपमा मात्र प्रस्तुत गरेको छैन बरु यसको मानवीय पक्षलाई केन्द्रबिन्दुमा राखेको छ । यो इतिहासको साहित्यिक पुनर्रचनाको सर्वाधिक महत्त्वपूर्ण पक्ष हो किनभने यसले निरस ऐतिहासिक तथ्यलाई भावनात्मक रूपमा संवेदनशील बनाउँछ ।

व्यक्तिगत पीडाको चित्रण नाटकमा गहन रूपमा विद्यमान छ । नरे कार्की केवल एक वीर योद्धा मात्र होइन, घायल मानव, परिवारबाट विछोडिएको व्यक्ति र वेदना भोग्ने मानव पनि हो । ऊ घाइते अवस्थामा 'आमा ! आमा !' (पृ. ६९) भनेर पुकार्छन्, त्यो क्षणले युद्धको व्यक्तिगत मूल्य प्रदर्शन गर्दछ । यो केवल सैनिकको चित्कार होइन बरु एक सन्तानको वेदनाको स्वर हो । यसले युद्धलाई मानवीय बनाउँछ र दर्शकलाई भावनात्मक रूपमा संलग्न गराउँदछ ।

नाटकमा पारिवारिक सम्बन्धको महत्त्व पनि उजागर गरिएको छ । नरे घायल भएपछि उसकी धर्मपत्नीले विलाप गरी गीत गाएकी छन्- हाइ मेरो प्रियतम, मलाई छोडेर जानुभो (पृ. ६९) । यो गीतले केवल पत्नीको वेदनामात्र होइन युद्धले परिवारमाथि पार्ने प्रभावलाई पनि प्रदर्शन गरेको छ । नरे केवल योद्धामात्र होइन बरु प्रेमी, पति र पुत्र पनि हो । युद्धले केवल सैनिकमात्र पराजित गर्दैन, परिवारबाट प्रियजन खोस्छ । यो मानवीय पक्ष नाटकले सशक्त रूपमा प्रस्तुत गरेको छ ।

यहाँनेर थप महत्त्वपूर्ण विषय के छ भने समले शत्रुलाई पनि मानवीय रूपमा प्रस्तुत गरेका छन् । अङ्ग्रेज सैन्य अधिकारीहरू विशेषगरी कर्नेल मबी नकारात्मक पात्रजस्ता प्रतीत भए पनि पूर्ण खलनायकको रूपमा चित्रित छैन । उनीहरूले नरे कार्कीको उपचार गराइदिन्छन्, उसलाई सम्मानपूर्वक व्यवहार गर्दछन् र अन्तमा उनलाई सम्मानसहित नेपाल फर्काउँछन् । कर्नेल मबीको यो निर्णय मानवीय मूल्यको उच्चताको प्रतीक हो ।

यस सन्दर्भमा अत्यन्तै महत्त्वपूर्ण कुरा के देखिन्छ भने वीरता र सम्मान केवल एक पक्षको मात्र विशेषता होइन । ब्रिटिस अधिकारीहरूले पनि नरे कार्कीको देशभक्तिको प्रशंसा गर्दछन् र उनको आत्मसम्मानलाई सम्मान प्रदान गर्दछन् । यसले के सन्देश प्रवाहित गर्दछ भने युद्ध मानवता र क्रूरताबिच होइन बरु विभिन्न आदर्श र स्वार्थहरू भएका मानवहरूबिच हुन्छ । दुवै पक्षमा मानवीय मूल्यहरू विद्यमान हुन सक्छन् ।

नाटकमा नेपालका विभिन्न भूभाग र समुदायको प्रतिनिधित्व पनि मानवीय पक्षको अर्को परिमाण हो । तराई, काठमाडौं, हिमाल, पर्वतबाट सहभागी पात्रहरूले नेपालको सम्पूर्ण भूगोल र समाजको

प्रतिनिधित्व गर्दछन् । यसले के प्रदर्शन गर्दछ भने युद्धको प्रभाव व्यक्तिगत मात्र नभई राष्ट्रिय र सामूहिक मानवीय विषय हो । सबै भूभाग र समुदायका मानवहरू यस युद्धमा संलग्न छन् र सबैले वेदना भोगिरहेका छन् ।
नाटकले के सन्देश पनि प्रवाहित गर्दछ भने युद्ध, सङ्घर्ष र द्वन्द्वभन्दा माथि हामी सबै मानव हौँ । मानवताको साझा पहिचानले राजनीतिक र राष्ट्रिय विभाजनलाई अतिक्रमण गर्न सक्छ । नरे कार्कीको यो संवाद यस सन्दर्भमा महत्त्वपूर्ण प्रतीत हुन्छ -

घाइते भो मानिस यो मानिसकहाँ आयो,
मानिसले मानिसबाट स्याहार पनि पायो (पृ. ७३) ।

भन्ने उक्ति यो केवल व्यक्तिगत घटना होइनज बरु मानवीय गरिमाको सार्वभौमिक उद्घोषण हो । युद्धको मैदानमा पनि मानवताको दीपक प्रज्वलित रहन्छ भन्ने सन्देश सशक्त छ । वैगुनीलाई गुनले मार्नुपर्छ भन्ने आदर्श पनि यहाँ परिलक्षित भएको छ ।

यसरी *'नालापानीमा'* नाटकले इतिहासको साहित्यिक पुनर्रचना गर्दा मानवीयतालाई केन्द्रबिन्दुमा राखेको देखिन्छ । यसले युद्धलाई केवल राजनीतिक घटनाको रूपमा मात्र प्रदर्शन नगरी मानवीय वेदना, संवेदना र सम्बन्धको सन्दर्भमा प्रस्तुत गरेको छ । यो परिप्रेक्ष्यले ऐतिहासिक घटनालाई समसामयिक दर्शकका लागि पनि प्रासङ्गिक र भावनात्मक रूपमा प्रभावकारी बनाएको छ ।

**समसामयिक सान्दर्भिकता**

इतिहासको सफल साहित्यिक पुनर्रचनाको एउटा प्रमुख विशेषता विगतका घटनाक्रमलाई वर्तमान समयका लागि प्रासङ्गिक बनाउनु हो । *'नालापानीमा'* नाटकको कथानक १९ औं शताब्दीको युद्धमा आधारित छ तर यसको विषयवस्तु र सन्देश आज पनि उत्तिकै सान्दर्भिक छ । यो नाटकले केवल विगतको आख्यान प्रस्तुत गरेको छैन बरु वर्तमान र भविष्यका लागि पनि महत्त्वपूर्ण शिक्षा प्रदान गरेको छ । राष्ट्रिय आत्मसम्मान र स्वाधीनताको प्रश्न सार्वकालिक छ ।

स्वतन्त्र भै माथि झण्डा फर्फर गर्दै थियो,
त्यसको मनि हाम्रो तिहून गुदगुद पाक्तै थियो, (पृ. ७१)

भन्ने भावनाले राष्ट्रिय सार्वभौमिकताको महत्त्वलाई प्रतिपादन गर्दछ । आजको विश्वमा पनि लघुराष्ट्रहरूले बृहत् शक्तिहरूको हस्तक्षेपको सामना गर्नुपर्ने स्थिति छ । विदेशी प्रभाव, आर्थिक निर्भरता र राजनीतिक दबाबले राष्ट्रिय स्वाधीनतामा चुनौती प्रस्तुत गरिरहेका छन् । यस सन्दर्भमा नालापानीको वीरगाथा आजका नेपालीहरूलाई आफ्नो राष्ट्रिय आत्मसम्मान संरक्षित गर्न प्रेरित गर्दछ ।

नाटकमा प्रस्तुत भएको व्यक्तिगत स्वार्थ र राष्ट्रिय कर्तव्यबिचको अन्तर्द्वन्द्व पनि समसामयिक जिज्ञासा हो । नरे कार्कीले ब्रिटिसहरूको भौतिक प्रलोभन- पुलाउ, मदिरा, उच्च वेतन अस्वीकार गरी देशप्रेम चयन गरेको छ । यो निर्णय आजको पूँजीवादी र उपभोग्यवादी युगमा अझ बढी सान्दर्भिक छ । आज धेरै व्यक्ति र समुदायहरू भौतिक लाभका निम्ति आफ्नो सांस्कृतिक पहिचान र राष्ट्रिय गरिमा विस्मृत गर्न तत्पर हुन्छन् । नरे कार्कीको उदाहरणले के शिक्षा दिन्छ भने मूल्य र आदर्श भौतिक सुखभन्दा सर्वोपरि हुन्छन् । राष्ट्रद्रोह र विश्वासघातको विषय पनि समसामयिक छ । जब ब्रिटिसहरूले

'पिओ ! एक नेपाली यतै आयो
आत्मसमर्पणको खबर ल्यायो ! (पृ. ६८)

भनेर गीत गाउँछन् उनीहरू के धारणा राख्छन् भने नरे आत्मसमर्पणका निम्ति आइरहेका छन् तर नरेले के स्पष्ट पार्छन् भने उनी उपचारका निम्ति मात्र आएका हुन् आत्मसमर्पणका लागि होइन । यो प्रसङ्गले राष्ट्रद्रोह र विश्वासघातको गम्भीर जिज्ञासा उठाउँछ जुन आजको राजनीतिमा पनि विद्यमान छ । भ्रष्टाचार, विदेशी शक्तिप्रतिको अत्यधिक झुकाव, राष्ट्रिय हितको प्रतिकूल निर्णयहरू- यी सबै राष्ट्रद्रोहका आधुनिक स्वरूप हुन् जसलाई नाटकले अप्रत्यक्ष रूपमा सम्बोधन गरेको छ ।

जातीय एकता र राष्ट्रिय सद्भावको सन्देश आजको नेपालका लागि अत्यन्तै प्रासङ्गिक छ । नाटकमा चार प्रकारका नेपाली- तराई, पर्वत, हिमाल, उपत्यका- एकै स्वरमा देशको मर्यादा संरक्षित गर्न आह्वान गर्दछन् । यो राष्ट्रिय एकताको सशक्त सन्देश हो । समसामयिक नेपालमा जातीय, भाषिक र क्षेत्रीय विभाजनको जोखिम बढिरहेको परिस्थितिमा यो सन्देश विशेष महत्त्वपूर्ण लाग्दछ । नाटकले के शिक्षा दिन्छ भने बहुलतामा एकता नै नेपालको शक्ति हो ।

मानवीय गरिमाको प्रश्न पनि सार्वकालिक छ । मानवीय मूल्य र गरिमाको महत्त्वलाई प्रतिपादन गरिएको छ । आज युद्ध, सङ्घर्ष र हिंसाले विश्वभरि मानवीय गरिमा सङ्कटमा परेको छ । शरणार्थी सङ्कट, जातीय विनाश, आतङ्कवाद आदि सबै समस्याको समाधानका निम्ति मानवीय मूल्यको पुनर्स्थापना अपरिहार्य छ । नाटकले यस सन्दर्भमा ‘काँथर हुनुभन्दा चाहिँ मर्नु निको’ (पृ. ७१) जस्ता उखानको प्रयोगले नेपाली सांस्कृतिक मूल्यलाई प्रतिनिधित्व गर्दछ । आत्मसम्मान, ईमानदारी र गरिमापूर्ण जीवन निर्वाह गर्नु भौतिक सुरक्षाभन्दा महत्त्वपूर्ण छ भन्ने यो सन्देश समसामयिक युवा पुस्ताका लागि विशेष प्रासङ्गिक छ जुन भौतिकतावादी संस्कृतिमा विकसित भइरहेको छ ।

यसरी *‘नालापानीमा’* नाटक १९ औँ शताब्दीको घटनामा आधारित भए पनि यसको विषयवस्तु र सन्देश आज २१ औँ शताब्दीमा पनि उत्तिकै प्रासङ्गिक लाग्छ । राष्ट्रिय स्वाधीनता, आत्मसम्मान, जातीय एकता, मानवीय गरिमा, नैतिक मूल्य- यी सबै सार्वकालिक जिज्ञासाहरू हुन् जसलाई नाटकले सफलतापूर्वक सम्बोधन गरेको छ । यही समसामयिक सान्दर्भिकताले यस नाटकलाई इतिहासको सफल साहित्यिक पुनर्रचना बनाएको छ ।

## नाटकीयता

समले ‘नालापानीमा’ नाटकमा इतिहासको साहित्यिक पुनर्रचना गर्दा केही अत्यन्तै नवीन र प्रभावकारी नाटकीय प्रविधिहरूको उपयोग गरेका छन् । यी प्रविधिले ऐतिहासिक घटनालाई सजीव, दृश्यात्मक र भावनात्मक रूपमा प्रभावकारी बनाएका छन् । सङ्गीतात्मक बहुलता नाटकको सर्वाधिक उल्लेखनीय पक्ष हो । समले आफैँ यसलाई ‘सङ्गीत नाटक’ संज्ञा दिएका छन् । नाटकमा लापालोमा, उर्दू गजल, झ्याउरे, रासधारी, तामाङ सेलो, राजामतीजस्ता विभिन्न सांस्कृतिक परम्पराका सङ्गीतको प्रयोग छ । यो बहुस्तरीय सङ्गीतात्मकताले नेपालको सांस्कृतिक बहुलतालाई प्रतिनिधित्व गर्दछ । प्रत्येक भूभागको आफ्नै सङ्गीत परम्परा छ तर सबैको एउटै उद्देश्य छ- देशको मर्यादा संरक्षित गर्नु । यसले राष्ट्रिय एकतामा बहुलताको महत्त्वलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ ।

सङ्गीतको यो प्रयोगले नाटकलाई केवल कलात्मक मात्र बनाएको छैन दर्शकमा एकरसता उत्पन्न हुने जोखिमबाट पनि संरक्षित गरेको छ । विभिन्न लय र धुनले नाटकलाई गतिशील र रोचक

बनाएको छ । एकै समयमा यसले इतिहासको शिक्षामा दर्शकलाई भावनात्मक रूपमा संलग्न राख्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

दृश्य संयोजनका दृष्टिकोणले नाटकमा सशक्त प्रतीकात्मक दृश्यहरू छन् । खलङ्गा दुर्गको दृश्य नेपालको राष्ट्रिय ध्वजा फर्फराइरहेको दृश्य- यी दृश्यहरू सशक्त प्रतीक हुन् जसले राष्ट्रिय गौरव र स्वाधीनतालाई प्रतिनिधित्व गर्दछन् । तोप, बन्दुक, तम्बू, घायल योद्धाजस्ता युद्धका तत्त्वहरूले यथार्थवादी दृश्य सृजना गर्दछन् जसले दर्शकलाई युद्धको परिवेशमा स्थानान्तरित गर्दछ ।

प्रकाश र छायाको सम्भावित प्रयोगले नाटकीय प्रभाव अभिवृद्धि गर्न सक्छ । अङ्ग्रेज शिविरको प्रकाश र नेपाली किल्लाको अन्धकार वा नरे कार्कीको मनोजगतमा उदय हुने नेपालतर्फका दृश्यहमा प्रकाशको विशिष्ट प्रयोग- यस्ता तत्त्वले दृश्यात्मक प्रभाव प्रदर्शित छन् । प्रतीकात्मक तत्त्वहरूको प्रयोग पनि नाटकको नाटकीयता अभिवृद्धि गर्ने महत्त्वपूर्ण पक्ष हो । धरतीको स्वर मातृभूमिको मातृत्वको प्रतीक हो । हिमशृङ्खला, नदी, सगरमाथा नेपालको प्राकृतिक पहिचानका प्रतीक हुन् । फूलको सुगन्ध र जलकण स्वतन्त्रता अनि आत्मसम्मानका प्रतीक हुन् । यी प्रतीकले नाटकलाई गहन अर्थपूर्ण बनाएका छन् ।

भावनात्मक तीव्रतालाई विशेष ध्यान प्रदान गरिएको छ । 'मातृभूमिका ऋण बुझाउन' (पृ. ७२) भन्ने सम्बोधनले गहन भावनात्मक प्रभाव सृजना गर्दछ । यो मातृभूमिको स्वर र मातृममता दुवै हो । नरे कार्कीको आन्तरिक सङ्घर्ष- जीवन र देशप्रेमबिचको अन्तर्द्वन्द्व, ब्रिटिसहरूसँगको बाह्य सङ्घर्ष र नैतिक जिज्ञासाले नाटकलाई बौद्धिक रूपमा उत्तेजक बनाएको छ ।

सर्वाधिक नवीन नाटकीय प्रविधि नरे कार्कीको मूर्च्छित अवस्थामा नेपालतर्फका दृश्यहरूको प्रस्तुति हो । समले यहाँ एकै दृश्यभित्र दुई समानान्तर यथार्थ सृजना गरेका छन्- बाह्य यथार्थ (ब्रिटिस शिविरमा उपचार) र आन्तरिक यथार्थ (नरेको मनोजगतमा नेपालका दृश्यहरू) । यो प्रविधि आधुनिक नाटकीय परम्पराको सूचक हो जहाँ मनोवैज्ञानिक यथार्थलाई बाह्य क्रियाकलापजस्तै महत्त्व प्रदान गरिन्छ । यसले दर्शकलाई नरे कार्कीको आन्तरिक सङ्घर्ष र उनको निर्णयको गम्भीरता अनुभूत गर्न सहयोग गर्दछ ।

संवादको शिल्प पनि नाटकको नाटकीयता वृद्धि गर्ने तत्त्व हो । संवाद संक्षिप्त, प्रभावशाली र अर्थपूर्ण छन् । 'नेपालीलाई नेपालको निम्ति मर्न देऊ, अब जान देऊ कि यो प्रान लेऊ...' (पृ.७३) जस्ता संवादहरू सरल छन् तर गहन जीवनदर्शन र राष्ट्रिय आत्मसम्मानको भावना निहित छ ।

यसरी 'नालापानीमा' नाटकले नाटकीयता र दृश्यताको माध्यमबाट इतिहासलाई सजीव बनाएको छ । सङ्गीत, दृश्य, प्रतीक, संवेदना र नवीन नाटकीय प्रविधिको समन्वयले यस नाटकलाई बहुआयामिक कलात्मक अनुभवमा रूपान्तरित गरेको छ । यी सबै तत्त्वहरूले ऐतिहासिक घटनालाई केवल श्रवण गर्ने आख्यानमात्र नभई अवलोकन गर्ने, श्रवण गर्ने र अनुभूत गर्ने सजीव अनुभवमा परिणत गरेका छन् ।

## निष्कर्ष

प्रस्तुत अनुसन्धानमूलक लेखले बालकृष्ण समद्वारा विरचित 'नालापानीमा' नाटकमा इतिहासको साहित्यिक पुनर्रचना सिद्धान्तको बहुपक्षीय उपयोगको विश्लेषण गर्दै यस कृतिलाई ऐतिहासिक प्रसङ्गको सफल साहित्यिक पुनर्निर्माणको उत्कृष्ट प्रतिमानका रूपमा प्रतिष्ठापित गरेको छ ।

अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा समले नेपाल-अङ्ग्रेज युद्धको ऐतिहासिक यथार्थलाई कलात्मक सिर्जनासँग सन्तुलित ढङ्गले समन्वित गर्दै नाटकलाई ऐतिहासिक प्रामाणिकता र साहित्यिक सौन्दर्यबोधको उत्कृष्ट सम्मिश्रण बनाउन सफल भएका छन् । नरे कार्कीजस्तो काल्पनिक चरित्रको सृजनाले सामान्य नेपाली सैनिकको पराक्रम, बलिदान र राष्ट्रभक्तिलाई प्रतिनिधित्व गर्दै ऐतिहासिक वीरगाथालाई जनसाधारणको सामूहिक चेतनाको अभिव्यक्तिका रूपमा उपस्थापित गर्न समर्थ भएको छ ।

नाटकमा मानवीयताको केन्द्रीय प्रतिष्ठापनले युद्धलाई राजनीतिक प्रसङ्गबाट मानवीय संवेदनाको परिधिमा रूपान्तरित गरेको छ । व्यक्तिगत वेदना, पारिवारिक आबद्धता, विपक्षीको मानवीकरण र सार्वभौमिक मानवीय गरिमाको अभिव्यञ्जनाले ऐतिहासिक घटनालाई भावनात्मक गाम्भीर्य प्रदान गरेको छ । समसामयिक सान्दर्भिकताको परिप्रेक्ष्यमा नाटकले राष्ट्रिय आत्माभिमान, जातीय एकात्मकता, नैतिक मूल्यमान्यता र मानवीय गरिमाजस्ता चिन्तन र प्रश्नहरूलाई एक्काइसौँ शताब्दीका लागि पनि प्रासङ्गिक बनाएको छ ।

नाट्यप्रविधिको दृष्टिकोणले सङ्गीतात्मक बहुलता, प्रतीकात्मक दृश्यसंयोजन, समानान्तर यथार्थको सृजनात्मक प्रयोग र काव्यात्मक संवादशैलीले नाटकलाई नवीन नाट्यधाराको प्रतिनिधिका रूपमा प्रतिष्ठित गरेको छ । यसप्रकार *'नालापानीमा'* नाटक इतिहास र साहित्यबिचको सफल संवादको सेतु बन्दै नेपाली साहित्यमा ऐतिहासिक विषयवस्तुको कलात्मक पुनर्संरचनाको महत्त्वपूर्ण आदर्श प्रस्तुत गर्दछ । यस अनुसन्धानले साहित्यिक पुनसृर्जनको माध्यमबाट राष्ट्रिय चेतना, सांस्कृतिक अस्मिता र ऐतिहासिक गौरवको संरक्षण तथा अभिवर्धनमा साहित्यको भूमिकालाई सुस्पष्ट पारेको छ ।

## सन्दर्भसामग्री सूची

उपाध्याय, केशवप्रसाद र सुवेदी, देवीप्रसाद (२०५९), *समका एकाङ्की,* काठमाडौः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पराजुली, कृष्णप्रसाद, (२०६८), *नालापानी,* काठमाडौः रत्न पुस्तक भण्डार ।

De Groot, J. (2010). *The historical novel*. London, England: Routledge.

Hutcheon, L. (1988). *A poetics of postmodernism: History, theory, fiction*. New York, NY: Routledge.

Lindenberger, H. (1975). *Historical drama: The relation of literature and reality*. Chicago, IL: University of Chicago Press.

Lukács, G. (1962). *The historical novel* (H. Mitchell & S. Mitchell, Trans.). London, England: Merlin Press. (Original work published 1937)

Ricoeur, P. (1984). *Time and narrative* (Vol. 1) (K. McLaughlin & D. Pellauer, Trans.). Chicago, IL: University of Chicago Press. (Original work published 1983)

White, H. (1973). *Metahistory: The historical imagination in nineteenth-century Europe*. Baltimore, MD: Johns Hopkins University Press.